# नेपाल एकिकृत विकास समाज

## लालवन्दि, सर्लाही

# वार्षिक प्रगती प्रतिवेदन

## आ.व. २०७९/०८०

# अध्याय-एक

## संस्थागत परिचय

### १.१ संस्थाको पृष्ठभूमि

हाम्रो राष्ट्र विकासउन्मुख मुलुकहरु मध्ये एक हो । कुनै पनि राष्ट्रको समुचित विकास गर्नका लागी त्यस राष्ट्रको राजनैतीक, आर्थिक, सामाजिक, सास्कृतिक विकासका साथै मानव विकास गर्नु पर्ने हुन्छ । वास्तवमा मानव विकास विना अरु विकास निरर्थक हुन जान्छ, अर्थात मानव विकास विना राजनैतिक, सामाजिक, सास्कृतिक, आर्थिक विकासको कुनै महत्व हुदैन, तसर्थ देश विकासका लागी मानव विकास अपरिहार्य छ । देशको नागरीकहरुमा भएका ज्ञान, शिप, कला, जागरलाई पहिचान गरी देशको समग्र क्षेत्रमा विकासका निम्ती कुरीती, कुसंस्कार, अशिक्षा, अन्धविश्वास हटाई विश्वमा हाम्रो राष्ट्रको गरिमा वढाउन मानव विकासका साथै आर्थिक, सामाजिक, सांस्कृतिक, वातवरणीय, नेतृत्व विकासहरुको एकिकृत विकासको निम्ती मिति २०६८ साल मंशिर महिना ११ गते जिल्ला प्रशासन कार्यालय, सर्लाहीमा विधिवत रुपमा दर्ता भई नेपाल एकिकृत विकास समाजको स्थापना गरिएको छ ।

### १.२ संस्थाको परिकल्पना (Vision)

समाजमा पछाडी परेका समुदायहरुलाई दिगो आय आर्जनको माध्यमवाट समुन्नत, बहुल र न्यायपूर्ण समाज निर्माणमा स्थानीय समुदायको अग्रसरतामा अहंम भूमिका निर्माण गर्दै गरिवि न्युनिकरण तथा समुन्नत समाजको सिर्जनामा संस्थाको अहम् भूमिका निर्वाह गर्दै बहु पक्षिय समाजिक परिवर्तनको दिशामा निरन्तर अगाडि बढनु ।

### १.३ संस्थाको ध्येय (Mission)

समुदायमा पछाडि पारीएका र परेका नागरिकहरुको सम्मान पूर्वक बाच्न पाउने अधिकारको वारेमा जानकारी दिदै उक्त कार्यमा संस्थाको तर्फबाट सम्पूर्ण प्रयत्नहरु जारीराख्दै समूदायका सदस्यहरुको आय आर्जन बृद्विमा जोड दिनु र समुदायको अगुवाईमा आवश्यक ज्ञान तथा शीप अभिवृद्वि गर्दै संस्थागत विविधिकरणका साथै सशक्तिकरणको सम्पूर्ण पाटोलाई सकिय बनाउदै अधिकार र कर्तव्य प्रति सचेत र जागरुक नागरिक निर्माण गर्नु ।

## १.४ संस्थाको लक्ष्य

समुदायमा पछाडी पारिएका महिला तथा विपन्न, दलित, जनजाति, अशक्त नागरिक तथा बालबालिकाहरुको पहिचान गरी उनीहरुको समाजमा सम्मानजनक बाच्न र क्षमता अनुसार कामको सुनिश्चीताको लागि जिल्लाकै नेतृत्वदायी भूमिकामा रही पैरवी एवं वकालत  गर्ने र समुदाय साथैं नागरिकहरुको सर्वाङ्गीण पक्षमा सुधार ल्याउन यथासक्य प्रयत्नहरु जारी राख्दै सचेत, स्वस्थ, सृजनशिल, जागरुक र स्वावलम्बी नागरिक एवं समाज विकासमा टेवा पुऱ्याउँनु ।

## १.५ संस्थाको उद्देश्यहरु

उल्लेखित उद्देश्यहरुलाई समष्टिगत गरी सारंसमा यस संस्थाको उद्देश्य निम्न अनुसार  रहेकोछ । "समुदायका विशेष गरेर विपन्न वर्गहरुको सहभागीतामा स्थानिय तथा वाह्य श्रोत साधन र सिप परिचालन गरी समतामुखी अवधारणा (एकिकृत सामाजिक, आर्थिक, वौद्धिक, क्षमता अभिवृद्धि र वातावरणीय) विकास गर्नुका साथै उनिहरुमा स्वास्थ्य सेवा पुऱ्याई सकारात्मक परिवर्तन ल्याई संस्थागत विकास गर्दै जाने र एक नमुना संस्थाको रुपमा स्थापित हुने " ।

# अध्याय-दुई

## संस्थाले यस आर्थिक बर्ष (२०७९/०८०) मा सम्पन्न गरिएको कार्यक्रमहरु

२.१. कृषि तथा पशु विकासमा आधारित साना किसान तथा युवा उद्यमशीलता परियोजना – बलरा नगरपालिका

२.२ गरिवि निवारण कार्यक्रम –बरहथवा नगरपालिका

२.३ बाल बिवाह तथा दहेज प्रथा नियन्त्रण सम्बन्धी तालिम कार्यक्रम –ब्रम्हपुरी गाउँपालिका

२.४ जेष्ठ नागरिक सम्मान कार्यक्रम –गोडैता नगरपालिका

२.५. किशोर तथा किशारीहरुको लागी जनचेतनामूलक कार्यक्रम –गोडैता नगरपालिका

२.६ यूवा सशक्तिकरण तथा चेतनामूलक कार्यक्रम – गोडैता नगरपालिका

२.७ शिक्षित बेटी : बालिग पोतह,स्वच्छ आ समुन्त गाउँपालिका अभियान कार्यक्रमको समीक्षा –चन्द्रनगर गाउँपालिका

# अध्याय-तीन

## आर्थिक बर्ष २०७९/०८० मा संचालित कार्यक्रमहरुको विस्तृत जानकारी

### ३.१ : कृषि तथा पशु विकासमा आधारित साना किसान तथा युवा उद्यमशीलता परियोजना

### ३.१.१. परिचय :

२०७९ फाल्गुण १७ गते सम्झौता भई बलरा नगरपालिका र हेफर प्रोजेक्ट नेपाल सँगको साझेदारीमा नेपाल एकिकृत विकास समाज द्धारा बलरा नगरपालिकाको सवै वडाहरुमा कृषि तथा पशु विकासमा आधारित साना किसान तथा युवा उद्यमशिलता साझेदारी परियोजना सञ्चालन गर्दै आइरहेको छ । यस परियोजनाको मुख्य उद्देश्य नगरपालिकाले कृषि तथा पशुविकासको क्षेत्रमा राखेको दिर्घकालिन उद्देश्यमा योगदान गर्नुरहेको छ । यस परियोजनाले प्रत्यक्ष रुपमा परियोजनामा आवद्ध परिवारहरुलाई कृषिउद्यममा संलग्न गराउने, सामाजिक पुँजी निर्माण गर्ने, सानाकिसानहरुको वित्तिय पहुँच अभिवृद्धि गर्ने, उनीहरुले उत्पादन गरेका कृषि तथा पशु उपजहरुलाई बजारीकरण गर्न सहजीकरण गर्ने लगायत गतिविधिहरु मार्फत आवद्ध घरधुरीहरुको आयस्तर मा सुधार गर्ने रहेकोछ ।

### ३.१.२.उद्धेश्य

- गरिव र विपन्न परिवारहरु आवद्ध कृषि तथा पशु उद्यमहरुलाई वातावरण अनुकुल उत्पादन पद्धतिको अनुशरण, वित्तिय सेवाहरुमा पहुँच र मागमा आधारित आपुर्तिका लागि बजारसँगको सम्बन्ध विकास गरी व्यवसायिक तथा दिगो नाफामुलक उद्यमको रुपमा सुदृढिकरण गर्नु,
- निजी तथा वित्तिय संस्थाहरुले कृषि क्षेत्रमा हाल गर्दै आएको लगानीमा रुपान्तरणकारी बृद्धि गर्नु,
- मुल्य श्रृँखलामा आवद्ध उत्पादक, आपुर्तिकर्ता, प्रसोधनकर्ता, व्यापारी तथा निजी क्षेत्रको संलग्नता अभिवृद्धि गर्न समावेशी बजार विकास गर्नु,
- लक्षित मुल्य श्रृंखलालाई सुदृढ बनाउन सकारात्मक वातावरणको सृजना गर्नु ।


### ३.१.३. परियोजनाका हाल सम्म सम्पन्न मुख्य क्रियाक्लापहरु तथा उपलब्धी

कृषि तथा पशु विकासमा आधारित साना किसान तथा युवा उद्यमशीलता परियोजना अन्तर्गत यस बलरा नगरपालिकाका ११ वटै वडामा तपशील बमोजिमका क्रियाकलाप सम्पन्न गरि उल्लेखित उपलब्धिहरु हासिल गर्न सफल भएको छ ।

| क.स. | मुख्य क्रियाकलापहरु | उपलब्धिहरु |
|---|---|---|
| १ | PMCC का गठन तथा परियोजना परिचयात्मक कार्यक्रम | बलरा नगरपालिक र हेफर प्रोजेक्ट नेपाल को आर्थिक तथा प्राविधिक सहयोगमा तथा नेपाल एकिकृत विकास समाजको व्यवस्थापनमा सञ्चालित कृषि तथा पशु विकासमा आधारित साना किसान तथा युवा उद्यमशीलता परियोजनाको स्थानीय सरोकारावाला निकायलाई राखेर परियोजना परिचयात्मक कार्यक्रम सम्पन्न भएको छ । साथै नगर प्रमुख को संयोजकत्वमा नगर स्तरिय परियोजना अनुगमन तथा समन्वय समिती गठन भएको छ । |
| २ | वडा स्तरीय परियोजना व्यवस्थापन समितिको गठन तथा बैठक | यस बलरा न.पा.मा वडा स्तरका प्रतिनिधिहरु सँग वडा स्तरीय परियोजना व्यवस्थापन समितिको गठन बलरा नगरपालिकाको १ देखि ११ वटै वडामा वडा अध्यक्षको संयोजकत्वमा वडास्तरी परियोजना अनुगमन तथा व्यवस्थापन समीती गठन भएको छ । |
| ३ | प्राविधिक अभिमुखिकरण कार्यक्रम | परियोजनाका सम्पुर्ण कर्मचारी तथा बलरा नगरपालिकाको पशु शाखा प्रमुख ज्यु लाई परियोजनाको प्राविधिक पक्षको ३ दिने अभिमुखिकरण कार्यक्रम सम्पन्न भएको छ । कर्मचारी तथा सरोकारवाला निकायहरु सबैको साझा बुझाई भएको छ । |
| ४ | PMCC का पदाधिकारीहरुलाई हेफर आधारशिला तालिम र भ्रमण | PMCC का पदाधिकारीहरुलाई हेफर आधारशिला तालिम प्रदान गरी कार्यक्रमको ढाँचा तथा कार्यक्रमहरुको उद्देश्य प्रष्ट भई सकारात्मक विचार विकास भएको छ । मोरंग जिल्लाका विभिन्न बाखा पालन फर्म, संकलन केन्द्र र सहकारीहरुमा भिजिट गराई सहकारी र बाखा पालनबाट कसरी महिलाहरु आफ्नो आर्थिक अवस्था सुधार गरिरहेको छ भन्ने बिषयमा भ्रमण गराई सकेको अवस्था छ । ती भ्रमणबाट हामी पनि आफ्नो नगरपालिका भित्र यसरी नै व्यवस्थित तरीकाले बाखा फर्म, सहकारी व्यवस्थापन र संकलन केन्द्र निर्माण गर्नु पर्छ भन्ने निष्कर्षमा पुगेको छ । |
| ५ | स्वाबलम्बी समूहको गठन | यस परियोजना अन्तर्गत बलरा नगरपालिकाको वडा नं. १ देखि ११ सम्म महिलाहरुको २५ वडा मूल समूह गठन भएको छ । |
| ६ | परियोजनका कर्मचारीहरुलाई हेफर आधारशिला तालिम र भ्रमण | परियोजनाका कर्मचाारीहरुलाई हेफर आधारशिला तालिम प्रदान गरी कार्यक्रमको ढाँचा तथा कार्यक्रमहरुको उद्देश्य प्रष्ट भई सकारात्मक विचार विकास भएको छ । सिन्धुली जिल्लाका बाखा पालन फर्म, संकलन केन्द्र र सहकारीहरुमा भिजिट गराई सहकारी र बाखा पालनबाट कसरी महिलाहरु आफ्नो आर्थिक अवस्था सुधार गरिरहेको छ भन्ने बिषयमा भ्रमण गराई सकेको अवस्था छ । ती भ्रमणबाट हामी पनि आफ्नो नगरपालिका भित्र यसरी नै व्यवस्थित तरीकाले बाखा फर्म, सहकारी व्यवस्थापन र संकलन |

| | | |
|---|---|---|
| | | केन्द्र निर्माण गर्नु पर्छ भन्ने निष्कर्षमा पुगेको छ । |
| ७ | मुल समुहहरुलाई हेफर आधारशिला तालिम | यस परियोजना अर्न्तगत गठन भएका मुल समुह लाई हेफर आधारशिला तालिम प्रदान गरी कार्यक्रमको ढाँचा तथा कार्यक्रमहरुको उद्देश्य प्रष्ट भई सकारात्मक विचार विकास भएको छ । हाल सम्म १५ वटा मुल समुहलाई हेफर आधारशिला तालिम सम्पन्न भएको छ । |
| ८ | उन्नत जातको बोका उपहार | यस परियोजना अर्न्तगत गठन भएका मूल समूहका ११ जना महिलाहरुलाई उन्नत जातको बोका उपहार प्रदान गरिएको छ । वडा नं १ देखि ११ वटै वडामा उन्नत जातको पाठापाठी उत्पादन गर्ने उद्देश्यका साथ सवै वडा समेटने गरि बोका वितरण गरिएको छ । |
| ९ | ईलेक्ट्रोनिक्स मोटर सहितको घाँस काटने मेशिन वितरण | यस परियोजनाद्धारा गठित मूल समूहका १० जना महिलाहरुलाई ईलेक्ट्रोनिक्स मोटर सहितको घाँस काटने मेशिन प्रदान गरिएको छ । वडा नं १,२,३,४,५,७,८,९,१० र ११ मा प्रति १ थान मेशिन वितरण गरिएको छ । उक्त घाँस काट्ने मेशिन परियोजनाको ५० प्रतिशत र सहभागीको ५० प्रतिशत योगदान रहेको छ । घाँस काट्ने मेशिनको माध्यम बाट महिला दिदी बहिनीहरुको आय आर्जन मा पनि वृद्धि भएको छ । |
| १० | उन्नत जातको बाखा उपहार | यस परियोजना अर्न्तगत गठन भएको मूल समूहका ५५ जना महिलाहरुलाई उन्नत जातको बाखा उपहार प्रदान गरिएको छ । वडा नं १ देखि ११ वटै वडामा उन्नत जातको बाखा उत्पादन गर्ने उद्देश्यका साथ सवै वडा समेटने गरि प्रत्येक वडामा ५ वटाका दरले बाखा वितरण गरिएको छ । |
| ११ | मिनी टेलर (हाते ट्रेक्टर ) वितरण | मूल समूहका ५ जना महिलाहरुलाई मिनी टेलर (हाते ट्रेक्टर) प्रदान गरिएको छ । वडा नं २, ८, र १० मा प्रति १ थान मिनी टेलर (हाते ट्रेक्टर र वडा नं ४ मा २ थान मिनी टेलर (हाते ट्रेक्टर) वितरण गरिएको छ । उक्त मिनी टेलर (हाते ट्रेक्टर) परियोजनाको ५० प्रतिशत र सहभागीको ५० प्रतिशत योगदान रहेको छ । मिनी टेलर (हाते ट्रेक्टर) को माध्यम बाट महिला दिदी बहिनीहरुको कृषिमा सहजीकरण का साथै उत्पादनमा वृद्धि भई आय आर्जन मा पनि वृद्धि भएको छ । |
| १२ | मुल समुहहरुलाई पशुको उचित व्यवस्थापन तालिम | मुल समुह लाई पशुको उचित व्यवस्थापन तालिम प्रदान गरी कार्यक्रमको पशुको खोर, दाना र पशु मा लाग्ने रोगहरुबारे प्रष्ट भई पशुको उचित व्यवस्थापन स्याहार तथा पालनपोषण भएको छ । हाल सम्म १० वटा मुल समुहलाई पशुको उचित व्यवस्थापन तालिम सम्पन्न भएको छ । |
| १३ | वडा स्तरीय परियोजना अनुगन तथा समन्वय समीतीको परियोजना प्रगति समीक्षा बैठक | यस बलरा न.पा.मा प्रतिनिधिहरु सँग वडा स्तरीय परियोजना व्यवस्थापन समितिको समीक्षा बैठक बलरा नगरपालिकाको १ देखि ११ वटै वडामा वडा अध्यक्षको संयोजकत्वमा बसी समीक्षात्मक विश्लेषण गरिएको छ । यस परियोजनाका कार्यक्रम अत्यन्तै फलदायी भएकोले आगामी आर्थिक वर्षको लागि पनि कार्यपालिका समीती मा सिफारीस गर्ने निष्कर्ष सहित बैठक सम्पन्न भएको छ । |

| | | |
|---|---|---|
| १४ | PMCC का पदाधिकारीहरु द्धारा कार्यक्रम अनुगमन भ्रमण | PMCC का पदाधिकारीहरु द्धारा परियोजनाको सम्पन्न कार्यक्रमको अनुगमन भएको छ । आफ्नो नगरपालिका भित्र परियोजनाले समुदायको सोचमा परिवर्तन ल्याएको र उन्नत किसिमले पशुपालन तथा कृषिमा सहजीकरण गरी समुदायको आयस्तरमा वृद्धि भएको छ । यसरी नै व्यवस्थित तरीकाले बाखा फर्म, सहकारी व्यवस्थापन र संकलन केन्द्र निर्माण गर्नु पर्छ भन्ने निष्कर्षमा पुगेको छ । |
| १५ | PMCC परियोजना समीक्षात्मक बैठक कार्यक्रम | बलरा नगरपालिक र हेफर प्रोजेक्ट नेपाल को आर्थिक तथा प्राविधिक सहयोगमा तथा नेपाल एकिकृत समाजको व्यवस्थापनमा सञ्चालित कृषि तथा पशु विकासमा आधारित साना किसान तथा युवा उद्यमशीलता परियोजनाको स्थानीय सरोकारावाला निकाय लाई राखेर परियोजना परियोजनाको प्रगति समीक्षा गरि आगामी आ. व.को लागि कार्यक्रम सिफारिस गर्ने कार्य सम्पन्न भएको छ । |





नगरस्तरीय परियोजना अनुगमन तथा समन्वय समीती गठन र परियोजना परिचयात्मक कार्यक्रम



PMCC पदाधिकारीहरुलाई हेफर आधारशिला तालिम कार्यक्रम ईलाम




PMCC सदस्यहरुलाई अवलोकन भ्रमण



स्वावलम्वी समुह सदस्यहरुलाई उन्नत जात बोका वितरण



स्वावलम्वी समुह सदस्यहरुलाई हेफर आधारशिला तालिम



स्वावलम्वी समुह सदस्यहरुलाई घाँस काटने मेशिन वितरण




स्वावलम्वी समुह सदस्यहरुलाई बाखा वितरण



स्वावलम्वी समुह सदस्यहरुलाई मिनी टेलर वितरण



स्वावलम्वी समुह सदस्यहरुलाई पशुको उचित व्यवस्थापन तालिम



PMCC सदस्यहरु द्वारा अनुगमन

## ३.२. गरिवि निवारण कार्यक्रम

### ३.२.१. परिचय :

यस संस्था र बरहथवा नगरपालिका विच भएको सम्झौता अनुसार बरहथवा नगरपालिकाको वडा नं. ३ मा गरिवि निवारण कार्यक्रम सम्पन्न भएको छ ।

### ३.२.२ उद्देश्य :

यस कार्यक्रमको महत्वपुर्ण उद्देश्य दलित, जनजाती तथा अन्य विपन्न महिला र पुरुषहरुहरुको गरिवि न्यूनीकरण गरी आय आर्जनमा वृद्धि गराउनु रहेको थियो ।

### ३.२.३ अभिमुखीकरणका तथा तालिमका विषयवस्तुहरु :

❖ **पहिलो दिन :**

- परिचय तथा स्वागत
- वर्तमान अवस्थाको वारेमा जानकारी
- गरीविका कारणहरुको वारेमा जानकारी
- गरीवि न्यूनीकरण गर्ने उपायहरुको वारेमा जानकारी

- सहभागीहरु संग पृष्ठपोषण

❖ **दोस्रो दिन :**

- पहिलो दिनको समिक्षा
- आय आर्जनका प्रकारहरुको वारेमा जानकारी
- आय आर्जन वृद्धि सम्वन्धि जानकारी
- सहभागीहरु संग पृष्ठपोषण

### ३.२.४.निष्कर्षः

यस तालिम तथा अभिमुखीकरण कार्यक्रमका सहभागीहरुलाई गरीवि न्यूनीकरण गर्ने उपायहरुको वारेमा जानकारी, आय आर्जन वृद्धि गर्ने उपायहरुका वारेमा अभिमुखीकरण प्रदान गरिएकोले यस कार्यक्रमवाट आय आर्जनमा वृद्धि हुने देखिन्छ ।

**कार्यक्रमका केही झलकहरु**







## ३.३.बाल बिवाह तथा दहेज प्रथा नियन्त्रण सम्वन्धि तालिम कार्यक्रम

### ३.३.१ परिचय :

ब्रम्हपुरी गाँउपालिकाको आ.व. २०७९/०८० को स्विकृत कार्यक्रम तथा वजेट अनुसार ब्रम्हपुरी गाँउपालिकामा बाल बिवाह तथा दहेज प्रथा नियन्त्रण सम्वन्धि तालिम कार्यक्रम संचालन गर्नका लागी नेपाल एकिकृत विकास समाज, लालवन्दी संग सम्झौता भई उक्त कार्यक्रम मिति २०८० असाढ ११ गते देखी १६ गते सम्म २ ठाँउमा ३ दिने अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको छ ।

### ३.३.२. उद्देश्य :

ब्रम्हपुरी गाँउपालिकामा बाल बिवाह तथा दहेज नियन्त्रण गर्नु यस कार्यक्रमको महत्वपुर्ण उद्देश्य रहेको थियो ।

### ३.३.३. अभिमुखीकरणका विषयवस्तुहरु :

❖ **पहिलो दिन बालबिवाह सम्वन्धी :**

- बालबिवाहको वर्तमान अवस्थाको वारेमा जानकारी
- बालबिवाह वारे कानूनी व्यवस्था वारेमा जानकारी
- बालबिवाह वाट हुने वेफाइदाहरुको वारेमा जानकारी
- बालबिवाहलाई न्यूनीकरण गर्ने उपायहरुको वारेमा छलफल
- बालश्रमको वर्तमान अवस्थाको वारेमा जानकारी
- बालश्रम वारे कानूनी व्यवस्था वारेमा जानकारी
- सहभागीहरु संग पृष्ठपोषण

❖ **दोस्रो दिन बालश्रम सम्वन्धी :**

- बालश्रम वाट हुने वेफाइदाहरुको वारेमा जानकारी
- बलश्रमलाई न्यूनीकरण गर्ने उपायहरुको वारेमा छलफल
- दहेज प्रथाको वर्तमान अवस्थाको वारेमा जानकारी
- दहेज प्रथा वाट हुने वेफाइदाहरुको वारेमा जानकारी
- दहेज प्रथा वारे कानूनी व्यवस्था वारेमा जानकारी
- सहभागीहरु संग पृष्ठपोषण

### ३.३.४ निष्कर्ष:

यस तालिम तथा अभिमुखीकरण कार्यक्रमका सहभागीहरुले ब्रम्हपुरी गाँउपालिकामा बालबिवाह तथा दहेज प्रथा न्यूनीकरण गर्ने प्रतिवद्धताले ब्रम्हपुरी गाँउपालिकामा बालबिवाह तथा दहेज प्रथा न्यूनीकरण गर्न यस कार्यक्रमले प्रभावकारीता प्राप्त गरेको छ ।

**कार्यक्रमका केही झलकहरु**











**३.४. जेष्ठ नागरिक सम्मान कार्यक्रम**

**३.४.१ परिचय :**

गोडैता नगरपालिकाको आ.व. २०७९/०८० को स्विकृत कार्यक्रम तथा वजेट अनुसार गोडैता नगरपालिका वडा नं. ३ मा जेष्ठ नागरक सम्मान कार्यक्रम संचालन गर्नका लागी नेपाल एकिकृत विकास समाज, लालबन्दी संग सम्झौता सम्पन्न भई कार्यक्रम सम्पन्न भएको छ ।

**३.४.२ उद्देश्य :**

जेष्ठ नागरिकहरुलाई सम्मान, माया, सदभाव तथा स्थानिय सरकारको महशुस गराउनु यस कार्यक्रमको महत्वपुर्ण उद्देश्य रहेको थियो ।

**३.४.३ संचालित कार्यक्रमहरु :**

गोडैता न.पा. वडा नं. ३ अन्तरगत रहेका २६७ जना जेष्ठ नागरिकहरुलाई वडा अध्यक्ष तथा संस्थाका प्रतिनिधिहरुवाट फूलमाला तथा अविर लगाई गमछा ओढाएर सम्मान गरिएको थियो । सम्मान पश्चात खाजा वितरण गरि कार्यक्रम समापन गरिएको थियो ।

**३.४.४ निष्कर्ष :**

यस कार्यक्रम वाट जेष्ठ नागरिकहरुले आफुहरुले स्थानिय सरकारवाट पाएको सम्मानले गौरवान्वित गरेको र धेरै खुसि लागेको व्यक्त गरेको हुँदा यस कार्यक्रम वाट जेष्ठ नागरिकहरुले पनि अभिभावक स्वरुप स्थानिय सरकारलाई महशुस गरेकाले यस कार्यक्रमले प्रभावकारीता प्राप्त गरेको छ ।

कार्यक्रमका केही झलकहरु












### ३.५ **किशोर किशारीहरुको लागी जनचेतनामूलक** कार्यक्रम

### ३.५.१ परिचय :

गोडैता नगरपालिकाको आ.व. २०७९/०८० को स्विकृत कार्यक्रम तथा वजेट अनुसार गोडैता नगरपालिकाको वडा नं. ४ मा **किशोर किशारीहरुको लागी जनचेतनामूलक** कार्यक्रम संचालन गर्नका लागी नेपाल एकिकृत विकास समाज, लालवन्दी संग सम्झौता सम्पन्न भई कार्यक्रम सम्पन्न भएको छ ।

### ३.५.२ उद्देश्य :

किशोर किशारीहरुलाई प्रजनन् स्वास्थ्यको तथा महिला र यौन हिंसाको वारेमा तालिम प्रदान गर्नु यस कार्यक्रमको महत्वपुर्ण उद्देश्य रहेको थियो ।

### ३.५.३ अभिमुखीकरणका विषयवस्तुहरु :

❖ **पहिलो दिन :**

- प्रजनन् प्रणालीको वारेमा जानकारी तथा छलफल
- पुरुष प्रजनन् प्रणालीको वारेमा जानकारी तथा छलफल
- सहभागीहरु संग अन्तरक्रिया तथा पृष्ठपोषण

❖ **दोस्रो दिन :**

- महिला प्रजनन् प्रणालीको वारेमा जानकारी तथा छलफल
- परिवार नियोजन सम्वन्धि जानकारी तथा छलफल
- सहभागीहरु संग अन्तरक्रिया तथा पृष्ठपोषण

❖ **तेस्रो दिन :**

- स्थायि परिवार  नियोजन सम्वन्धि जानकारी तथा छलफल
- अस्थायि परिवार  नियोजन सम्वन्धि जानकारी तथा छलफल
- सहभागीहरु संग अन्तरक्रिया तथा पृष्ठपोषण

**३.५.४ निष्कर्ष:**

यस तालिम तथा अभिमुखीकरण कार्यक्रममा सहभागी किशोर तथा किशोरीहरुलाई प्रजनन् स्वास्थ्य, प्रजनन् हक अधिकार, परिवार नियोजन, महिला हिंसा तथा यौन हिंसाहरुको वारेमा जानकारी गराइएकोले यस कार्यक्रमको  प्रभावकारीता रहेको छ ।

**कार्यक्रमका केही झलकहरु**





**३.६ यूवा सशक्तिकरण तथा चेतनामुलक कार्यक्रम**

**३.६.१ परिचय** :

गोडैता नगरपालिकाको आ.व. २०७९/०८० को स्विकृत कार्यक्रम तथा वजेट अनुसार गोडैता नगरपालिकामा यूवा सशक्तिकरण तथा चेतनामुलक कार्यक्रम संचालन गर्नका लागी नेपाल एकिकृत विकास समाज, लालबन्दीले कार्यक्रम सम्पन्न भएको छ ।

**३.६.२ उद्देश्य :**

वैदेशिक रोजगारीलाई सुरक्षित तथा उपलब्धिमूलक वनाउन र वैदेशिक रोजगारी वाट प्राप्त रेमिट्यान्सलाई सदुपयोग गर्न लगाउन यस कार्यक्रमको महत्वपुर्ण उद्देश्य रहेको थियो ।

**३.६.३ अभिमुखीकरणका विषयवस्तुहरु :**

❖ **पहिलो दिन :**

- परिचय तथा स्वागत
- वैदेशिक रोजगारीको अवस्थाको वारेमा जानकारी
- वैदेशिक रोजगारी वारे कानूनी व्यवस्था वारेमा जानकारी
- सहभागीहरु संग पृष्ठपोषण

❖ **दोस्रो दिन :**

- पहिलो दिनको समिक्षा
- वैदेशिक रोजगारी वाट हुने फाइदा तथा वेफाइदाहरुको वारेमा जानकारी
- सामाजिक लागत वारेमा जानकारी
- सहभागीहरु संग पृष्ठपोषण

❖ **तेस्रो दिन :**

- रेमिट्यान्सको वारेमा जानकारी
- रेमिट्ानसको सदुपयोग वारेमा जानकारी
- सहभागीहरु संग पृष्ठपोषण

**३.६.४ निष्कर्ष:**

यस कार्यक्रमका सहभागीहरुले वैदेशिक रोजगारीलाई सुरक्षित तथा उपलब्धिमुलक वनाउने र वैदेशिक रोजगारी वाट प्राप्त रेमिट्यान्सलाई सहि सदुपयोग गरि उत्पादनमूलक कार्यमा खर्च गर्ने भनि प्रतिवद्धता गरेकाले यस कार्यक्रमले  प्रभावकारीता प्राप्त गरेको छ ।

**कार्यक्रमका केही झलकहरु**










### ३.७. शिक्षित बेटी, बालिग पोतह, स्वच्छ वा समुन्नत गाउँपालिका अभियान समीक्षा कार्यक्रम

#### ३.७.१ परिचय :

चन्द्रनगर गाँउ कार्यपालिका ले (कार्यसम्पादन) नियमावली २०७४ को नियम ३ वमोजिम गाउँपालिका बाट घोषित **"शिक्षित बेटी, बालिग पोतह, स्वच्छ वा समुन्नत गाउँपालिका अभियान"** कार्य सञ्चालनको लागि कार्यविधि स्वीकृत गरि २०७४/१२ / ०५ गते स्थानीय राजपत्रमा उल्लेख भई कार्यक्रम सञ्चालन भएको हो । उक्त अभियान कार्यक्रमको समीक्षात्मक विष्लेषण गरि अध्ययन प्रतिवेदन तयार गर्न गाउँपालिका सँग साझेदारीमा आ. व. २०७९/८० मा यो कार्यक्रम सञ्चालन भएको छ ।

चन्द्रनगर गाउँपालिकाको शिक्षित बेटी, बालिग पोतह, स्वच्छ वा समुन्नत गाउँपालिका अभियान कार्यक्रम बाट जनसमुदाय, लाभान्वित वर्गमा के कस्तो प्रभाव परेको छ सो कुराको मुल्यांकन गरि भविष्यमा कस्तो कार्यक्रम ल्याउँदा प्रभावकारी हुन्छ भन्ने पृष्ठपोषण सहितको प्रतिवेदन प्रस्तुत गरिएको छ ।

#### ३.७.२ उद्देश्य

- शिक्षित बेटी, बालिग पोतह, स्वच्छ वा समुन्नत गाउँपालिका अभियान कार्यक्रमले समुदायमा परेको प्रभाव समीक्षा तथा मुल्याकंन गर्ने ।
- आगामी कार्यक्रमको लागि पृष्ठपोषण दिने

## ३.७.३ संचालित कृयाकलापहरु :

### ❖ कर्मचारी अभिमुखिकरण (Program Orientation to staff)

शिक्षित बेटी, बालिग पोतह, स्वच्छ वा समुन्नत गाउँपालिका अभियान कार्यक्रमको औचित्य, महत्व र कार्यक्रमका गतिविधि बारे संस्थाका कर्मचारी कार्यक्रमका सम्पुर्ण कर्मचारीहरुलाई कार्यक्रमबारे १ दिने अभिमुखिकरण कार्यक्रम सम्पन्न भएको छ । कार्यक्रम बारे सम्पुर्ण कर्मचारी तथा सरोकारवाला निकायहरु सबैको साझा बुझाई भएको छ ।

### ❖ शुरुवाती वैठक (Inception Meeting)



नेपाल एकिकृत विकास समाजले चन्द्रनगर गा.पा. सितको साझेदारीमा शिक्षित बेटी, बालिग पोतह, स्वच्छ वा समुन्नत गाउँपालिका अभियान कार्यक्रमको वारेमा जानकारी गराई सरोकारवाला व्यक्तिहरुसंग छलफल तथा सुझाव संकलन गर्नका १६ जनाको उपस्थितीमा यो वैठक सम्पन्न भएको थियो ।

शुरुवाती बैठकमा शिक्षित बेटी, बालिग पोतह, स्वच्छ वा समुन्नत गाउँपालिका अभियान कार्यक्रम मा समावेश हुने निम्न आधार हरु बारे समीक्षा भएको थियो :

- शिक्षित बेटी : बालिग पोतह,स्वच्छ आ समुन्त गाउँपालिका अभियानको कार्यविधि यो अभियान चन्द्रनगर गाउँपालिका क्षेत्र भित्र मिती २०७५।०४।०१ गते देखि जन्मिने बालिकाको हकमा लागु हुनेछ ।
- यस अभियान अन्तर्गत गाउँपालिका भित्र जन्मिने प्रत्येक वालिका (बेटी) को नाममा निजको अभिभावकले आफ्नो निजी जग्गा वा गाउँपालिकाले तोकी दिएको सार्वजनिक जग्गामा ५ वटा रुख रोपी ३५ (पैतिस) दिन भित्र जन्मदर्ता गराउनुपर्नेछ ।
- वडाकार्यालयको सिफारिसमा गाउँपालिकाले तोकिदिएको बैकमा बालिकाको नाममा १८ ( अठार) वर्षे मुद्दति खाता खोलि रु ५०००( रुपिया पाँचहजार मात्र) जम्मा गरि सो को एकप्रति भौचर सहित वा रु ५००० (पाच हजार) नगदै गाउँपालिकामा जम्मा गरि सो को प्रमाण सहित निवेदन दिनुपर्नेछ ।
- गाउँपालिकाले निवेदन उपर आवश्यक जाँचवुझ गरि निज वालिकाको खातामा रु २०००० ( रुपैया विस हजार मात्र) एकमुष्ट जम्मा गर्नेछ । तर भुमिहिन वा अति विपन्न परिवारमा जन्मिने बालिकाको हकमा निजको अभिभावकले जम्मा गर्नुपर्ने रकमको ५०प्रतिशत रकम मात्र जम्मा गर्नुपर्नेछ ।
- बालिकाको नाममा जम्मा भएको रकम गाउँपालिकाको सिफारिसमा २० वर्ष पछी मात्र निकाल्न सकिनेछ ।

➢ बालिकाको खातामा रहेको रकम तथा बैंक र गाउँपालिका विचमा भएको सम्झौत बमोजिमको पाउने व्याज रकम समेत कुल हुन आउने रकम खातावालाको हुनेछ ।

### ❖ अन्तर्वार्ता (Interview)



शिक्षित बेटी, बालिग पोतह, स्वच्छ वा समुन्नत गाउँपालिका अभियान कार्यक्रम सम्पन्न भएका समुदायका सहभागीहरु मध्ये नमुना छनौट गरि १०० जनाको अन्तर्वार्ता लिने कार्य सम्पन्न भएको थियो । जसमध्ये ७४ जना समुदाय बाट र २६ जना सरोकारवाला निकाय र जन प्रतिनिधीहरुको अन्तर्वार्ता लिने कार्य सम्पन्न भएको थियो । कार्यक्रम मार्फत भएका परिणाम तथा चुनौतीहरुको समग्र अध्ययन गर्नको लागि त्यसै अनुरुप प्रश्नावली हरु तयार गरिएको थियो । अन्तर्वार्तामा सहभागीहरु मध्ये ९५ प्रतिशत सहभागीले यस कार्यक्रम ले बेटी तथा पोतहको शिक्षा तथा सम्मुन्नतीमा भविष्यको लागि सुरक्षा प्रदान गरेको बताएका छन् । २ प्रतिशत सहभागीहरुले यस कार्यक्रमले बचत बन्धक रहेको र भविष्यमा रकम निकाल्न सकिने सुनिश्चितता अन्योल रहेको बताएका छन् ।

### ❖ समुहगत छलफल (Focus Group Discussion)

कार्यक्रमको प्रभावकारीता अध्ययन गर्न को लागि तथा समग्र कार्यक्रमले समुदायको छोरी तथा बुहारीको जिवन स्तरमा के कस्तो परिवर्तन आएको छ र त्यस समुदायको लक्षित वर्गको सामुहिक समस्या तथा बस्तुस्थिती उजागर गर्नका लागि समुहगत छलफल कार्यक्रम सम्पन्न भएको थियो ।



फरक फरक वडा र स्थानमा गरि जम्मा १५ वटा समुहगत छलफल कार्यक्र सम्पन्न गरिएको थियो । सामुहिक छलफलमा स्थानीय सहभागीहरुले बेटी तथा पुतोहको शिक्षा तथा भविष्यमा भईपरि आउने समस्याहरु लाई निराकरण गर्न फाईदाजनक भएको छ ।

सहभागीहरु मध्ये मनिष कुमार सिंह दनुवार भन्नुहुन्छ ‘‘बेटी तथा पोतह लाई शिक्षित बनाउनको लागि गाउँपालिका बाट हौसला दिन कार्यक्रम उत्कृष्ठ रहेको छ ।‘‘

### ❖ गाउँपालिका संग समन्वय बैठक (Rural Municipality level Inception Meeting)



नेपाल एकिकृत विकास समाजले चन्द्रनगर गा.पा. सितको साझेदारीमा शिक्षित बेटी, बालिग पोतह, स्वच्छ वा समुन्नत गाउँपालिका अभियान कार्यक्रमको बारेमा गाउँपालिका को ७ वटै वडाका सरोकारवाला निकायहरु सँग समन्वयात्मक बैठक सम्पन्न गरिएको छ । यस प्रकारको समन्वयात्मक बैठक ४ पटक सम्पन्न भएको थियो । बैठकमा शिक्षित बेटी, बालिग पोतह, स्वच्छ वा समुन्नत गाउँपालिका अभियान कार्यक्रमको अति विपन्न वर्ग तथा पछाडी परेका वर्गको छोरी तथा बुहारीको सशक्तीकरण तथा सुरक्षाका लागि महत्वपुर्ण रहेकोले विपन्न पछि परेका समुदायको उत्थानका लागि पटक पटक कार्यादेश सशोधन गरि कार्यक्रम सञ्चालन गरिएको थियो । सुरुवाती आ.व.मा सहभागीले रु ५००० ( पाँच हजार) को खाता खोली बुझाउनु पर्ने प्रक्रिया त्थती प्रभावकारी नभएको ले कार्यदेश संसोधन मार्फत रु ५०० (पाँच सय) कायम गर्दा समुदायका धेरै भन्दा धेरै सहभागीहरु यस अभियान कार्यक्रम मा आवद्ध भएका थिए ।

यस प्रकारको बेटी तथा पोतहको शिक्षा तथा समुन्नती को लागि प्रोत्साहन कार्यक्रम हूँदाहुदै बाल विवाह तथा छोरीको शिक्षामा चुनौती देखेर कार्यपालिका को तर्फ बाट थप बाल विवाह अन्त्य र उच्च शिक्षामा छारीको पहुँचमा वृद्धि अभियान कार्यक्रम २०७९ साउन बाट सम्पन्न हुँदै आएको छ ।

- उक्त कार्यक्रम अन्तर्गत चन्द्रनगर गाउँपालिका भित्रका छोरी लाई २० वर्ष पारि १२ कक्षा उतिर्ण गरि विवाह गर्दा रु ५०००० (पचास हजार) अनुदान रकम दिदै आएको छ ।

- त्यसै गरि १२ कक्षा उतिर्ण गरेका छारीहरु लाई स्नातक तहमा अध्ययन गर्नको लागि रु ११००० (एघार हजार) अनुदान रकम दिदै आएको छ ।

### ३.७.४ समीक्षागत विष्लेषण (Review and Analysis)

शिक्षित बेटी, बालिग पोतह, स्वच्छ वा समुन्नत गाउँपालिका अभियान कार्यक्रम सञ्चालन भएदेखि अभिभावक वर्गमा बेटी तथा पोतह प्रति हेर्ने दृष्टिकोणमा परिवर्तन भएको छ । यस अभियान कार्यक्रमले बेटी तथा पोतहहरुलाई अग्रस्थानमा राखेर हेर्ने भएकोले उनीहरुको सशक्तिकरण परिवार तहबाट भएको पाईयो । बेटी तथा पोतहहरुको निजी खातामा रकम राखिदिदा उनीहरुको आत्माविस्वास

अझ मजवुत भएको छ । परिवारमा उच्च सम्मान भए पनि उनिहरुले उक्त रकम २० वर्ष पश्चात मात्र निकाल्न पाउने व्यवस्थाले उनीहरुको वर्तमान अवस्थामा खासै चाख र चासो नलिने र भविष्यमा उक्त रकम खर्चको कुनै किसिमको ठोस योजना पनि बनेको पाईएन । अधिकांस अभिभावकले उक्त रकम विवाहमा खर्च गर्ने बताएका छन् । शिक्षित बेटी, बालिग पोतह, स्वच्छ वा समुन्नत गाउँपालिका अभियान कार्यक्रमले अति विपन्न वर्ग, भुमिहीन, पछाडी परेका समुदायमा सवैलाई समान रुपले वर्गीकरण गरी समावेश गरेको छ ।

## ३.७.५ सिफारिस (Recommendation)

चन्द्रनगर गाउँपालिकाको शिक्षित बेटी, बालिग पोतह, स्वच्छ वा समुन्नत गाउँपालिका अभियान कार्यक्रम बाट जनसमुदाय, लाभान्वित वर्गमा के कस्तो प्रभाव परेको छ सो कुराको मुल्यांकन गरि यस कार्यक्रमलाई अझ बढी सशक्त र प्रभावकारी ढंगले संचालन गर्न देहाय बमोजिम सिफारिस गरिन्छ :

- यस कार्यक्रमले २० वर्ष पछि भन्दा पनि तत्कालको लागि बेटी तथा पोतहलाई फाईदाहुने गरि कार्यक्रम सञ्चालन गर्दा राम्रो हुन्छ ।
- सवै वर्ग लाई समान रुपले बजेट विनियोजन गर्नु भन्दा अति विपन्न वर्ग, दलित, अपांग, पछाडी परेका वर्गलाई प्राथमिकतामा राखेर कार्यक्रम गर्दा लक्षित वर्ग सम्म कार्यक्रम प्रभावकारी ढंगले सञ्चालन हुन्छ ।
- छनौट भएका लक्षित वर्गलाई वित्तिय अभिमुखिरण गरेर कार्यक्रम सञ्चालन गरेमा अझ प्रभावकारी हुन्छ ।
- यस चन्द्रनगर गाउँपालिकामा बेटी तथा पोतह केन्द्रित २ वटा कार्यक्रम पहिलो **"शिक्षित बेटी, बालिग पोतह, स्वच्छ वा समुन्नत गाउँपालिका अभियान"** र दोस्रो **"बाल विवाह अन्त्य र उच्च शिक्षामा छोरीको पहुँच अभियान"** सञ्चालनमा रहेको छ । यी दुई मध्ये एउटा कार्यक्रम तत्काल छोरी बुहारी लाई फाइदा हुने गरि सञ्चालन गर्दा यस गाउँपालिकाको महिला सशक्तिकरणमा अझ टेवा पुग्ने देखिन्छ ।

कार्यक्रमका केही झलकहरु









# समाप्त